# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन

# आ.व २०८२।०८३

**प्रथम चौमासिक**

**सुनुवाई गरिएका विषयवस्तुहरु**

क) तानसेन नगरपालिकाको चालु आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम तथा बजेट बमोजिम हालसम्मको कार्य प्रगति, त्यसको प्रभावकारीता र कार्यान्वयनको अवस्था ।

ख) तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका शाखा तथा कार्यालय तथा इकाई मार्फत हुने सार्वजनिक सेवा प्रवाहको अवस्था र नागरिकको सन्तुष्टीको अवस्था ।

ग) तानसेन नगरपालिकाको आ.व. २०८२।०८३ अर्न्तगत हालसम्मको आयव्यय विवरण सम्बन्धमा ।

घ) नगरपालिकाको आगामी गतिविधी, विकास निर्माण, सेवा प्रवाह व्यवस्थापन सम्वन्धमा नागरिकहरुवाट सुझाव राय सुझाव संकलन ।

**कार्यक्रमको उद्धेश्य :**

- स्थानीय सरकारलाई जनताप्रति जवाफदेहि बनाई पालिकाको कर्मचारी, जनप्रतिनिधी र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जनामा सहयोग गर्नु ।
- नगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी, सेवामुखी र गुणस्तरीय बनाई नगरपालिकाको वार्षिक योजना अनुसार संचालन भएका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट र यसबाट प्राप्त उपलब्धि र खर्चबारे सरोकारवालाहरु जानकारी गराउनु ।
- नगरपालिकाले सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरु गर्दा देखिएका चुनौती, उपलब्धि, सिकाईलाई सार्वजनिक गरी श्रोत साधनको उचित प्रयोग र व्यवस्थापनका लागि पृष्ठपोषण लिने दिने अवसर सृजना गर्नु ।
- नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रमहरुको लेखाजोखा र मूल्याङ्कन गरी आगामी कार्ययोजनाका लागि सुझाब संकलन गर्नु ।
- नगरपालिकाको योजना र कार्यसम्पादनको अवस्था विश्लेषण, आगामी योजनाका लागि आवश्यक्ता पहिचान र कार्यान्वयनका प्रतिवद्धता सहितको दस्तावेज तयार गर्नु ।

**कार्यक्रम आयोजना स्थल** :– १४ नं वडा कार्यालय अर्गली, तानसेन नगरपालिका पाल्पा ।
**कार्यक्रम आयोजना गरिएका मिति र समय:** :मिति २०८२।०८।०६ गते दिउँसो ठिक १:०० बजे ।
**कार्यक्रम सञ्चालन गरिएको समयावधि:** (घण्टा/मिनेटमा): ३ घण्टा ४५ मिनेट
**आय व्यय तथा प्रगती विवरण प्रस्तुत** : श्री दुर्गा बहादुर थापा (निमित्त प्रमुख प्रशासकीय अधिकृत)
**कार्यकमको अध्यक्षता** : नगर प्रमुख - श्री सन्तोष लाल श्रेष्ठ
**संयोजक** : श्री सन्तोष गहतराज, सञ्चारकर्मि
**कार्यक्रमको सहजिकरण** : श्री भरत प्रसाद आचार्य (प्रशासकीय अधिकृत, अधिकृतस्तर सातौं)

**उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | पशुपति शर्मा तानसेन १३ अर्गली, पाल्पा | १. वडा कार्यालयबाटै ५ लाख सम्ममा योजना सम्झौता गर्ने कार्य गर्न सकिन्छ कि ? | दुर्गा बहादुर थापा नि.प्रमुख प्रशासकीय अधिकृत | कानूनी तथा नीतिगत व्यवस्थाका कारण वडातह बाट योजना सम्झौता गर्न नसकिएको तर एकमुष्ट रुपमा नगरकार्यपालिका कार्यालयबाट कर्मचारीको उपस्थितिमा गर्ने वडाबाट गर्ने व्यवस्था मिलाईने जानकारी |
| | | २.बालविकास शिक्षकको तलब सुविधा अन्य पालिकाको भन्दा कम भयो नि ? | कोपिला न्यौपाने (शिक्षा शाखा प्रमुख) | चालु आ.व. बाट नेपाल सरकारले व्यवस्था गरेकोमा नगरपालिकाबाट समेत थप गरी मासिक रु. १७,५०० दिने व्यवस्था गरिएको । |
| | | ३. प्रदेश स्तरीय योजनाहरु कहाँवाट सम्झौता गर्ने होला ? | शोभाखर भट्टराई, वडा अध्यक्ष | नगरपालिका वजेट हस्तान्तरण भई वार्षिक बजेटमा समावेश भएको योजना नगरपालिकावाट र अन्यको हकमा सम्वन्धित तोकिएको कार्यालयबाट । |
| २ | गिता भुसाल, ता.न.पा १४ अर्गली | १. गुनासो : अमर प्राथमिक विद्यालयमा खानेपानी व्यवस्थापनका लागि पटक पटक अनुरोध गर्दा समेत कार्यान्वयन भएन | नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ | पाईप खरिदको प्रकृया शुरु गरिएको र सो पश्चात समाधान हुने । |

| | | | | |
|---|---|---|---|---|
| ३. | कपिल पाण्डे, ता.न.पा १४ अर्गली | १.गुनासो : नगरवासीको अनुभुती नै भएन ।<br>२. सडक बत्ति व्यवस्थापन राम्रो छैन, सामान्य कुटानी पिसानी कम्वाइण्ड मिल समेत नचल्ने विद्युत अत्यन्त कम भएको<br>बद्रि नारायण मन्दिर जाने बाटोको उचित निर्माण कार्य भएन । | शोभाखर भट्टराई वडा अध्यक्ष | सडक बत्ति व्यवस्थापनका लागि प्रकृया अगाडी बढिसकेको र यथासिघ्र समाधान हुने जानकारी । |
| | | | नगर प्रमुख सन्तोष लाल श्रेष्ठ समेत | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत क्षमता वढाउन पहल गरिने र बद्रि नारायण मन्दिर जाने बाटोका लागि आगामी वर्षहरुमा पहल गरिने । |
| ४. | नेत्र पाण्डे | १.विद्यालयमा राजनीतिकरण भयो, शिक्षाको गुणस्तर राम्रो भएन | कोपिला न्यौपाने शिक्षा शाखा प्रमुख | कानून बमोजिम विद्यालय व्यवस्थापन समिति गठन भएको, मा.वि. तहको नतिजा राम्रो रहेको र सुधारका लागि थप पहल गरिने । |
| | | २. ऋषिकेश मन्दिरमा पुजारी व्यवस्थापन राम्रो भएन | शोभाखर भट्टराई, वडा अध्यक्ष | मन्दिर व्यवस्थापन समितिले उचित व्यवस्थापन गरेको, पहिले भन्दा धेरै व्यवस्थित भएको र आगामी दिनमा थप सुधारका कदम चालिने प्रतिबद्धता |
| | | ३. पशु विकास शाखाको कार्य राम्रो देखिएन, कर्मचारी अनुशासित हुनुपर्‍यो । उपचारका लागि खटिन पर्‍यो । | नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ | सम्वन्धित शाखाका कर्मचारीहरु सँग छलफल गरी आवश्यक व्यवस्थापन गर्ने प्रतिबद्धता । |
| ५. | परशुराम भट्टराई ता.न.पा १४ | १. रुरु क्षेत्रको घाट व्यवस्थापनका लागि कर्मचारी व्यवस्थापन गर्नुपर्‍यो ।<br>२.वालुवा गिट्टि रोयल्टी संकलनको रकम सम्वन्धित वडामा खर्च गर्नुपर्‍यो । | सन्तोष लाल श्रेष्ठ नगर प्रमुख | आवश्यता र औचित्यताको आधारमा व्यवस्थापन गर्दै लैजाने |

| | | | | |
|---|---|---|---|---|
| ६. | दुर्गादत्त रेग्मी, ता.न.पा १४ | १.स्वास्थ्य चौकीको सेवा वढाउनु पर्‍यो ।<br>२. उच्च रक्तचाप जस्ता औषधिहरु नियमित हुनुपर्‍यो ।<br>३. स्वास्थ्य चौकीमा दरबन्दी पुरा हुनपर्‍यो । | स्वास्थ्य चौकी प्रमुख जानका थापा | स्वास्थ्य चौकीमा दरवन्दी पुरा रहेको |
| | | | नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ | खरिद प्रकृया पुरा गरी आवश्यक औषधि व्यवस्थापन गरिने । |
| ७ | शंकर बहादुर ढेंगा, ता.न.पा १४ | १. सुझाव :साविक अर्गली वडा नं. ९ का गिट्टि कुटेर जिविकोपार्जन गर्ने मान्छे बेरोजगार भए उचित व्यवस्थापन गर्नुपर्‍यो । | | सुझावको प्राप्त गरियो । |
| ८ | डिल्लीराज पाण्डे, ता.न.पा १४ | १. बद्रि नारायण मन्दिर तर्फको बाटो पुरा भएन ।<br>२. विद्युतको पावर पुगेन<br>३. अवैध क्रसर तथा गिट्टी वालुवा निकासी रोकथाम भएन, अनियन्त्रित उत्खनन रोकथाम नहुँदा भुक्षयको सम्भावना वढ्यो | सन्तोषलाल श्रेष्ठ नगर प्रमुख | १. अवैध रुपमा गिट्टी बालुवा निकासीको रोकथामका लागि जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा कार्य गरिने, उपयुक्त समयमा आवश्यक सूचना दिन सम्पूर्णमा अनुरोध गरिएको । |
| ९ | डिल्लीराम गैरे, ता.न.पा १४ | १. बाँदरको समस्याले खेत बारी बाझो हुँदै गए,बाँदर नियन्त्रणका लागि बजेट व्यवस्था गर्नुपर्‍यो । | सन्तोषलाल श्रेष्ठ नगर प्रमुख | बाँदर नियन्त्रण जटिल समस्या भएको, विज्ञ टोलीहरुबाट निरीक्षण कार्य भइसकेको हुँदा प्राप्त प्रतिवेदन बमोजिम समाधानका लागि पहल गरिने । |
| १० | नारायण प्र. नेपाल (प्र.अ.) | १. सुझाव आधारभूत विद्यालयमा समेत शैक्षिक गुणस्तर मापनका लागि व्यवस्थित परीक्षा प्रणाली बनाउनु पर्ने । | | |

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु** :

क) सार्वजनिक सुनुवाई कार्यविधि २०७६ र आचारसंहिता २०६९ पालना ।

ख) नगरको चालु आ.व.को प्रथम त्रैमासिकसम्मको प्रगतिको बारेमा जानकारी गराईएको ।

ग) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई विभिन्न माध्यमहरुवाट सूचना संप्रेषण गरिएको ।

घ) वृहत्त भेला तथा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाई गरिएको ।

**सार्वजनिक सुनवाई कार्यक्रमवाट भएका सिकाईहरु**

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।

- सार्वजनिक सुनुवाईहरुबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाई भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्यसम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शिता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।
- आगामी बर्षको नीति तथा कार्यक्रम तयार गर्नको लागि राय सल्लाह सुझाब प्राप्त भएको ।
- यस किसिमको कार्यक्रम निरन्तर रुपमा गर्दा बिकास तथा सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त हुने ।

**कार्यक्रममा उपस्थितको बिवरण:**

आज मिति २०८२/०८/०६ गते शनिवारको दिन तानसेन - नगरपालिकाका नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्युको अध्यक्षता तथा देहाय बमोजिमको उपस्थितमा तानसेन नगरपालिकाको आ.व. २०८२/०८३ को प्रथम चौमासिक सामाजिक सार्वजनिक सुनुवाई कार्यक्रम ता.न.पा. १४ अर्गली वडा कार्यालयको सभाहलमा सम्पन्न गरियो ।

| हस्ताक्षर | उपस्थिति |
| --- | --- |
| [signature] | श्री सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख ता.न.पा. |
| [signature] | श्री प्रतिक्षा सिंजाली नगर उप प्रमुख |
| [signature] | श्री दुर्गा बहादुर थापा नि.प्र.प्र.अ. |
| [signature] | श्री यादव सिंह कार्की नगर प्रवक्ता |
| [signature] | श्री शोभाकर भट्टराई, वडा अध्यक्ष - १४ |
| - | श्री बसन्ता रावाली - जि.स.स. सदस्य |
| [signature] | श्री कोपिला न्यौपाने प्रि.अ. ता.न.पा. |
| [signature] | श्री पशुपति शर्मा |
| [signature] | श्री विनोद गैरे |
| [signature] | श्री आशा कार्की - कृ.अ. ता.न.पा |
| [signature] | श्री दुर्गा दत्त रेग्मी |
| [signature] | श्री शिव प्रसाद भट्टराई |
| [signature] | राधिका थापा |
| [signature] | रेखा रेग्मी |
| [signature] | विष्णु रेग्मी |
| [signature] | लक्ष्मण भट्टराई |
| [signature] | दिपेन्द्र डिपु |
| [signature] | [illegible] |
| [signature] | कृष्ण प्रसाद पाण्डे |
| [signature] | भुवन भट्ट (पशु सेवा प्रा.) |
| [signature] | केशव भट्टराई (वडा सचिव) |
| [signature] | शिव शर्मा (इन्जिनियर) |
| [signature] | शंकर प्रसाद पाण्डे |
| [signature] | भिमप्रसाद पाण्डे |

हस्ताक्षर नाम

कोपिला पाण्डे

गीता गुर्वाल श्री अमर प्रा.वि. प्र.अ.

प्रेमभाया चौलागाई

गा.पा. कमला डोटे

मिना परिवार

जानकी थापा अर्गली मावि

बेप पाण्डे

[illegible]

रामजी व बाबु आचार्य

भोलानाथ पाण्डे जि.शि.प. वडा कार्यालय

नारायण पाण्डे

लक्ष्मण कार्की

सीता पाण्डेय अर्गली गा. पा.

प्र.सा.नि. राजेन्द्र रावल प्र.चौ. अर्गली

प्र.ह. नविन भण्डारी — " —

दीपक पाण्डे

टिकाराज पाण्डे

सावित्रा थापा

सीता तिवारी

कमला राना स्वा. चौ. अर्गली

भरत प्रसाद आचार्य - प्रशासकीय अधिकृत - स्थानीय

लक्ष्मण प्र. पाण्डे

सुकदेव डोटे

देवका दुहाना जि.शि.प. वडा नं

द्रुपती डोटे [illegible]

लक्ष्मण रोका अर्गली वडा कार्यालय (प्रमुख)

मोतीलाल प्रसाद

हेमलाल भट्टराई

परशुराम भट्टराई [illegible]

मधुसूदन भट्टराई [illegible]






सार्वजनिक सुनुवाई
कार्यक्रम




सार्वजनिक सुनुवाई
कार्यक्रम

तानसेन नगरपालिका नगर कार्यपालिका कार्यालयले आ.व. २०८२।०८३ को प्रथम त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारको प्रचलित कानुन बमोजिम तानसेन नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, नि.प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाको शाखा प्रमुख, वडा अध्यक्ष, प्रेस सल्लाहाकार, पत्रकार, विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षकशिक्षिका तथा आम नागरिकको उपस्थितमा मिति २०८२।०८।०६ गते सम्पन्न गरिएको हो ।

प्रतिवेदन तयार गर्ने
नारायण पाण्डे

सार्वजनिक सुनुवाइ संयोजक
सन्तोष गहतराज